# जनकपुरधाम उप-महानगरपालिका

जनकपुवधाम उप-मशानगवपानिका

# नगर कार्यपालिकाको कार्यालय

## जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/८२
चलानी नं.:-

Web Site:- janakpurmun.gov.np
E-mail:- janakpursmc@gmail.com

मिती:- २०८१/०६/२९

## सुचना

*विषयः- विद्यालय भवन निर्माण सम्वन्धि प्रस्ताव पेश गर्ने सुचना ।*

नेपाल सरकारबाट स्थानीय तहको लागी प्राप्त सशर्त अनुदान अन्तर्गत विद्यालयमा ४ (चार) कोठे भवन निर्माण कार्यको लागी कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१/८२ को बुँदा नं. १८.२ तथा विद्यालय भौतिक पुर्वाधार निर्माण सम्वन्धि मापदण्ड, २०८० बमोजिम तपसीलका मापदण्ड तथा प्रकृया पुगेका विद्यालयहरुबाट यो सुचना प्रकाशित भएको मितिदेखी १५ दिन भित्र (२०८१ कार्तिक १३ गते भित्र) प्रस्ताव पेश गर्न हुन सम्वन्धित सामुदायिक विद्यालयहरुलाई जानकारीको लागी यो सुचना प्रकाशित गरिएकोछ ।

**मापदण्डहरुः**

१. शिक्षा नियमावलीले तोके बमोजिम न्यूनतम विधार्थी संख्या भएको तर कक्षागत रुपमा कक्षा कोठा अपुग भएको विद्यालय ।

२. कम्तीमा ५ प्रतिशत लागत सहभागिता गर्न सक्ने विद्यालय, सो भन्दा बढि लागत सहभागिता गर्ने विद्यालयलाई प्राथमिकता दिईनेछ । लागत सहभागिता सम्वन्धि प्रतिवद्धता पत्र पेश गर्नु पर्नेछ ।

३. विद्यालयको आफ्नै नाममा जग्गा दर्ता प्रमाण पुर्जा भएको वा प्रचलित कानून बमोजिम जग्गाको भोग चलन गर्न अनुमति प्राप्त गरेको विद्यालय ।

४. विद्यालय व्यवस्थापन समिति/विद्यालयको निर्णयको प्रतिलिपी

.................
अन्जु पाण्डेय
शिक्षा तथा खेलकुद महाशाखा
शाखा अधिकृत आठौं